# निर्णय नं. ९७९९ - निर्णय दर्ता बदर दर्ता

भागः **५९** सालः **२०७४** महिनाः **श्रावण** अंकः **४**
फैसला मिति :२०७३/११/२३ १३७४

सर्वोच्च अदालत, संयुक्त इजलास

## माननीय न्यायाधीश श्री विश्वम्भर प्रसाद श्रेष्ठ

## माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी

## फैसला मिति : २०७३।११।२३

## ०६५-CI-०१८०

मुद्दाः निर्णय दर्ता बदर दर्ता

पुनरावेदक / वादी : राजेन्द्र प्रसाद पण्डित

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : टिपाल्जोर लामा

फैसलाअनुसार भएको कार्यान्वयनको कार्यले फैसलालाई विस्थापित गर्न परिवर्तन गर्न सक्तैन, मिल्दैन। फैसलाअनुसार भएको कार्यान्वयनले फैसलाको मूल ठहर खण्डलाई संशोधन गर्न पनि नसक्ने।

फैसलाको ठहर खण्ड यथावत् रहिरहने तर सो फैसलाबमोजिम कार्यान्वयन भएको कार्य बदर हुने हो भने त्यस्तो कार्यान्वयनले फैसलालाई नै परिवर्तन गर्न पुग्दछ जुन हाम्रो न्यायिक पद्दति प्रणालीविपरीत हुने हुन्छ । अतः अन्तिम भई रहेको फैसला कहीँकतैबाट बदर हुन नसकेको स्थितिमा सो फैसलाअनुसार भएको कार्यान्वयनको पाटोलाई मात्र बदर गर्न सैद्धान्तिकरूपबाट नै मिल्ने नदेखिने ।

(प्रकरण नं.८)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता गुणनिधि न्यौपाने, विद्वान् अधिवक्ताहरू खगेन्द्र प्रसाद अधिकारी, विश्वप्रकाश सिग्देल र मुरारी सापकोटा

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता नारायणबल्लभ पन्त र अधिवक्ता जगदीशचन्द्र पाण्डे

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

माननीय जिल्ला न्या.श्री केदारप्रसाद चालिसे

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्या. श्री अलि अकबर मिकरानी

माननीय न्या. श्री जगदिश शर्मा पौडेल

फैसला

न्या. विश्वम्भरप्रसाद श्रेष्ठ : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)बमोजिम दर्ता भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छ :-

विपक्षीमध्येका पाल्साङ छिरिङ लामाबाट मालपोत कार्यालय, काठमाडौंबाट र.नं. ७५९७ मिति २०४४।२।१३ मा पारित हालैको बकसपत्रका आधारमा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २ (ख) कि.नं. ६६० को क्षे.फ. १-१०-२ को पूरा जग्गा हक प्राप्त गरी आएको थियो। हाल कित्ता फोड भई कायम भएको उक्त कि.नं. ६६० को मूल कित्ता नं. १६९ को क्षे.फ. ५-३-२समेत साबिकमा विपक्षी राजेन्द्र पण्डितकी आमा मिठु देवीबाट मेरा परदाता छेचु लामाले मिति २०३४।६।२ मा पारित राजीनामाको लिखतबाट प्राप्त गरेपश्चात मिति २०४२।९।७ मा दिने छेचु लामा लिने पाल्साङ छिरिङ लामा भएको पारित राजीनामा लिखतबाट उक्त कि.नं. १६९ मध्ये पूर्व उत्तर तर्फबाट क्षे.फ. १-१०-२ कित्ताबाट भई मेरा दाता पाल्साङ छिरिङका नाउँमा दर्ता कायम भई सो कित्ता पूरै पाल्साङ छिरिङ लामाबाट मिति २०४४।२।१३ मा मैले हालैदेखिको बकसपत्र गरेपश्चात् मेरो स्वामित्वमा आएको हो। मिठुदेवी पण्डितले छेचु लामालाई गरी दिएको मिति २०३४।६।२ को लिखतको सम्बन्धमा नाबालक राजेन्द्रप्रसाद पण्डितको हकमा ईश्वरी पण्डितले दिएको मुद्दामा तहतह हुँदै सर्वोच्च अदालतबाट आधा लिखत सदर कायम रही आधामा राजेन्द्रप्रसाद पण्डितको हक कायम हुन गएको छ। सो मुद्दा चलिरहकै क्रममा छेचु लामाले उक्त जग्गामध्ये १-१०-२ जग्गा पाल्साङ छिरिङ लामालाई मिति २०४२।९।७ मा राजीनामा गरिदिएपश्चात् निजबाट मैले मिति २०४४।१।१३ मा हालैको बकसपत्र पास गराई लिएकोमा राजेन्द्रप्रसाद पण्डितले पाल्साङ छिरिङ लामासमेतलाई प्रतिवादी बनाई देवानी दायरी नं. २००० र म वादी टिपाल्जोर लामालाई समेतलाई प्रतिवादी बनाई देवानी दायरी नं. २००२ को लिखत दर्ता बदर मुद्दा काठमाडौं जिल्ला अदालतमा दिएका थिए। सोकाठमाडौं जिल्ला अदालतबाट मिति २०५२।८।७ मा देवानी दायरी नं. २००० मा दाबीको लिखत र दर्ता आधा बदर हुने ठहरी फैसला भएको छ भने देवानी दायरी नं. २००२ मा लिखत र दर्ता बदर हुने फैसला भई अन्तिम भएर रहेको छ। सो मूल फैसलाअनुरूप वादीको हक जति आधा नै बदर भएको मान्नु पर्ने स्पष्ट छ। यसरी मेरो नाममा नैं दर्ता स्रेस्ता रहेको उक्त कि.नं. ६६० को क्षे.फ. १-१०-२ मा आधाभन्दा बढीमा राजेन्द्र प्रसाद पण्डितको हकै नभएको अवस्थामा उक्त कित्ता पूरै जग्गा निज राजेन्द्र पण्डितले आफ्नो नाममा दाखेल खारेज गरेको मालपोत कार्यालय काठमाडौंको मिति २०५२।११।१० को निर्णयबाट देखिएकोले उक्त निर्णय बदर गरी सो कि.नं. ६६० मध्येबाट आधा कित्ता जग्गाको पूर्ववत् मेरा नाममा कायम राखी पाउँ भन्नेसमेत व्यहोराको टिपाल्जोर लामाको फिराद

दाबी।

वादी दाबीका कि.नं. ६६० को जग्गा मुद्दा पर्दा पर्दैको अवस्थामा वादी टिल्पाजोर लामाले पाल्साङ छिरिङ लामाबाट मिति २०४४।२।१३ मा र.नं. ५७९७ बाट बकसपत्र गरी लिनु भएको हो। सो बकसपत्र लिएउपर मैले लिखत दर्ता बदर मुद्दा काठमाडौं जिल्ला अदालतमा दायर गरी सो मुद्दामा पाल्साङ छिरिङ र टिल्पाजोर लामाले सुरू म्यादै गुजारी बसेकोमा लिखत बदर हुने ठहरी मिति २०५२।८।७ मा फैसला भएको

छ। विपक्षी टिल्पाजोर लामाले मसमेतलाई विपक्षी बनाई यसै जग्गा सम्बन्धमा सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेकोमा मिति २०५२।३।३१ मा रिट खारेज भएको छ। विपक्षी टिल्पाजोर लामा कहिले आधा जग्गा दर्ता गरिपाउँ भनी अदालतमा जानुहुन्छ भने कहिले पूरै जग्गा दर्ता गरिपाउँ भन्नु हुन्छ। उक्त फैसलाबाट वादीको हक आघात भएको भएको कानूनले तोकेको हदम्यादभित्र नालेस गर्नुपर्नेमा सो गरेको देखिँदैन। काठमाडौं जिल्ला अदालतबाट उल्लिखित मितिमा भएको फैसलालाई वादीले एकातिर राखेर अहिले आएर ७/८ वर्षपछि प्रस्तुत फिराद गरेको देखिएकोले वादीको प्रस्तुत फिराद मुलुकी ऐन अ.बं. ८२, ८५, र २०८ नं. विपरीत भएकोले खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको राजेन्द्रप्रसाद पण्डितको प्रतिउत्तर जिकिर।

विपक्षीलाई मैले मालपोत कार्यालय, काठमाडौं मार्फत र.नं. ७५९७ मिति २०४४।२।१३ मा हालै देखिको बकसपत्रका आधारमा वादी दाबीको कि.नं. ६६० को जग्गाको हक हस्तान्तरण गरेको

हो। उक्त जग्गा मैले छेचु लामाबाट मूल कित्ता नं. १६९ को जग्गामध्ये पूर्व उत्तरबाट १-१०-२ कित्ताकाट गरी प्राप्त गरेको हुँ। नाबालक राजेन्द्र पण्डितको हकमा ईश्वरी पण्डितद्वारा फिराद परी तहतह सोउपर इन्साफ हुदै जाँदा सर्वोच्च अदालत पूर्ण इजलासबाट मिति २०५०।१।३ मा भएको अन्तिम फैसलाले मिठु देवीले बिक्री गरेको घर जग्गा आधा लिखत सदर कायम रही आधा लिखित बदर भएको अवस्थामा २०५२ सालको देवानी दायरी नं. २००२ को लिखत दर्ता बदर मुद्दा पनि सोही आधारमा आधासम्म बदर हुने

हो। मूल फैसलाले आधाको हक प्रदान गरेकोमा मालपोत कार्यालयबाट कि.नं. ६६०को पूरै जग्गा राजेन्द्र प्रसाद पण्डितको हुन सक्दैन भन्नेसमेत व्यहोराको पाल्साङ छिरिङ लामाको प्रतिउत्तर

जिकिर।

प्रतिवादी राजेन्द्र प्रसादले मूल लिखतबाट हक प्राप्त गरेको जग्गाहरूको क्षेत्रफलको आधारमा सर्वोच्च अदालतको अन्तिम फैसलापश्चात् आफ्नो नाउँमा दाखिल दर्ता गराई सकेपश्चात् यी वादीले मुद्दा चल्दा चल्दैको अवस्थामा गराई लिएको लिखतको सम्पूर्ण लिखत दर्ता बदर हुने आसयको यी वादीका उपर प्रतिवादी राजेन्द्र प्रसादले दायर गरेको लिखत दर्ता बदर मुद्दामा भएको मिति २०५२।८।७ को फैसला र अदालतको जनाउ पुर्जीबाट वादीको नाउँको सम्पूर्ण जग्गाको लिखत र दर्ता बदर गर्ने गरी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०५२।११।१० मा निर्णय भएबाट वादीका हकमा प्रत्यक्ष असर परेको देखिएको छ। वादी पक्षबाट मिति २०५२।८।७ को फैसलाको विरूद्धमा दाबी लिएको देखिएको छैन। यस अदालतबाट मिति २०५२।८।७ मा भएको फैसलालाई यसै अदालतबाटै असर पर्ने गरी प्रस्तुत दाबीको विषयमा निर्णय गर्न सान्दर्भिक देखिन नआएकोले वादी दाबी पुग्न नसक्ने ठहर्छ भन्नेसमेत व्यहोराको काठमाडौं जिल्ला अदालतबाट मिति २०६२।३।६ मा भएको फैसला।

वादीकी आमा मिठू देवीले मिति २०६४।६।२ मा छेन्चु लामालाई गरिदिएका लिखतमध्येबाट निजको हक जति आधा अर्थात् क्षेत्रफल ४-७-१-२ जग्गा मात्र निजले पाउने र सोबमोजिमको जग्गा मिति २०५१।१२।१७ मा नै निजले दाखेल खारेज गरी लिइसकेको अवस्थामा पुनः मिति २०५२।११।१० मा कि.नं. ६६० बाट क्षे.फ. १-१०-२-०समेत पुरै निजले पाउने गरी दाखेल खारेज भएको निर्णय निजले पाउनेभन्दा बढी लिएको अवस्था विद्यमान रहेको र यथार्थमा कि.नं. ६६० को पूरै जग्गा बढी भएपनि लेनदेन व्यहोराको १० नं. ले आधासम्म निजकै हकमा छोडी आधाको हकसम्म उक्त दाखिल खारेज गरेको निर्णय बदर गरिपाउँ भनी लिएकोमा वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६२।३।६ को उक्त फैसला उल्टी गरी फिराद दाबीबमोजिम मालपोत कार्यालय काठमाडौंको मिति २०५२।११।१० को दाखेल खारेज निर्णय कि.नं. ६६० को क्षे.फ. १-१०-२-० मध्ये आधाको हकसम्म बदर गरी सो कित्तामध्येबाट आधा जग्गाको दर्ता पूर्ववत् मेरो नाममा कायम रहेन कायम गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक वादीको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र।

यीनै वादी प्रतिवादी भई चलेको दा.खा. दर्ता मुद्दा मिति २०५२।८।७ मा सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलाको ठहर खण्डमा उल्लिखित सम्मानित सर्वोच्च अदालत एकल इजलासबाट मिति २०५०।१।३० को फैसलाको र लिखत बदर मुद्दा सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०५८।८।७ मा फैसला भएको र यस अदालतबाट मिति २०५४।१।१५ मा सदर भएको फैसलासहितको मिसिल सम्बन्धित अदालतबाट झिकाई साथै राखी पेस गर्नु भन्ने पुनरावेदन अदालत, पाटनबाट मिति २०६३।६।२ मा भएको आदेश।

यसमा पुनरावेदन साथ संलग्न रहेको संवत् २०४६ सालको दे.पु.३ नं. ५३१ को यीनै राजेन्द्रप्रसाद पण्डितको संरक्षक भई ईश्वरी देवी पण्डितले दायर गरेको लिखत बदर मुद्दामा सर्वोच्च अदालतको पूर्ण इजलासबाट मिति २०५०।१।३ मा भएको फैसलाले प्रतिवादी मिठू देवी आधा सम्पत्तिको हक लाग्ने अंशियार भएको र निजले कानूनबमोजिम आफ्नो हक लाग्ने सम्पत्ति बेचबिखन गर्न पाउने नै हुँदा निजले बिक्री गरेको घर जग्गा आफ्नो आधा लिखत सदर कायम रहन सक्ने हुँदा बाँकी आधा हिस्सा लिखत बदर गर्ने गरेको मध्यमाञ्चल क्षेत्रीय अदालतको मिति २०४४।८।२१ इन्साफ मनासिब ठहर्छ भनी फैसला भएको देखिँदा आधी लिखत बदर नभई कायम रहेको अवस्थामा पूरै जग्गा राजेन्द्रप्रसाद पण्डितको नाममा दर्ता गर्ने मालपोत कार्यालयको निर्णय आधाको हकमा बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहराई भएको काठमाडौं जिल्ला अदालतको फैसला फरक पर्ने देखिँदा प्रत्यर्थी झिकाई पेस गर्नु भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०६४।३।२८ को आदेश।

यसमा विपक्षीमध्येका पाल्साङ छिरिङ लामाका नाममा जारी भएको म्याद मिति २०६४।५।२३ मा बिजुलीको खम्बामा टाँस गरी बेपत्ते तामेल भई आएको देखिँदा उक्त म्याद बदर गरीदिएको छ। अब पुनरावेदकसँग निजको अरू कुनै वतन भए खुलाउन लगाई खुलाई दिए खुलाएको वतनमा र अर्को वतन खुलाउन नसके आवश्यक परे पुनरावेदकको समेत सहयोग लिई लेखिएको वतनमा अ.बं. ११० नं. को रीत पुर्‍याई म्याद तामेल गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत, पाटनबाट मिति २०६४।९।१६ मा भएको आदेश।

प्रमाणमा आएको वादी नाबालक राजेन्द्र प्रसाद पण्डितको संरक्षक ईश्वरी देवी पण्डित प्रतिवादी छेन्चु लामा भएको लिखत बदर मुद्दा अध्ययन गर्दा मुद्दा कि.नं. १४३ र १६९ को जग्गाबाट आधा बदर हुने ठहराएको मध्यमाञ्चल क्षेत्रीय अदालतको फैसला सर्वोच्च अदालत पूर्ण इजलासबाट मिति २०५०।१।३।५ मा सदर हुने ठहरी फैसला भएको देखिन्छ । यस फैसलाबाट कि.नं. १४३ र १६९ को जग्गामध्ये आधा जग्गाको लिखत मात्र बदर भई आधा जग्गा मात्र वादीले पाउने हुन्छ । छेन्चु लामाले खरिद गरेको जग्गा निजले पाल्साङ छिरिङ लामालाई र पाल्साङ छिरिङ लामाले पुनरावेदक टिपाल्जोर लामालाई बिक्री गरेकोमा काठमाडौं जिल्ला अदालतमा वादी राजेन्द्र कुमार पण्डित विपक्षी छेन्चु लामा र पाल्साङ छिरिङसमेत भएको १ थान मुद्दा र वादी राजेन्द्र कुमार पण्डित विपक्षी पाल्साङ छिरिङ र टिपाल्जोर लामासमेत भएको २ थान मुद्दा दायर गरेकोमा पहिलो मुद्दामा वादी दाबीको जग्गामध्ये आधा बदर हुने ठहर्छ र पुनरावेदक प्रतिवादी भएको मुद्दामा बदर हुने ठहर्छ भनी फैसला भएबाट मूल मुद्दाबाट वादी राजेन्द्र कुमार पण्डितको दाबीबमोजिम आधा जग्गाको लिखत बदर हुने ठहरी फैसला भएको आधारबाट सुरू काठमाडौं जिल्ला अदालतको मिति २०५२।८।७ को फैसलाबाट आधा जग्गा फैसला भएको मान्नुपर्छ । वादी दाबीबमोजिम कि.नं. ६६० को आधा जग्गाको निर्णय दर्ता बदर गरी वादीको नाममा दर्ता हुने ठहर गर्नुपर्नेमा वादी दाबी नपुग्ने भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०६२।३।६ मा भएको फैसला उल्टी हुन्छ । वादी दाबीबमोजिम कि.नं. ६६० को जग्गाको आधा जग्गा वादीको नाममा दर्ता कायम हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०७१।७।२३ को फैसला ।

वादीले आफूउपर उक्त मि.नं. २००२ को लिखत दर्ता बदर मुद्दा परेको छ भनी थाहा पाइसकेको कुरालाई लुकाई त्यसको ७-८ वर्षपछि दाबी गरेको प्रस्तुत मुद्दामा अनन्त कालसम्म मुद्दा दायर गर्ने हदम्याद विपक्षी वादीलाई हुँदैन । जहाँसम्म वादी राजेन्द्रप्रसाद पण्डितको हकमा ईश्वरी देवी पण्डित र प्रतिवादी छेचु लामा भएको लिखत बदर मुद्दामा राजेन्द्र प्रसादको हकमा आधा लिखत मात्र बदर भएको भन्ने आधारमा प्रस्तुत मुद्दामा पनि सोहीबमोजिम उल्लिखित कि.नं. ६६० को आधा जग्गाको निर्णय दर्ता बदर हुने भनी पुनरावेदन अदालत, पाटन ललितपुरबाट फैसला भएको छ । सो प्रस्तुत मुद्दामा लाग्न सक्दैन । किनभने एकातिर उक्त मुद्दामा विपक्षी वादी टिपाल्जोर लामा पक्ष विपक्ष केही नभएका र त्यसपछिका उल्लिखित विभिन्न मुद्दाहरू तथा रिट निवेदनमा पनि विपक्षीको दाबी नपुग्ने गरी अन्तिम फैसला भइसकेको स्थितिमा उक्त मुद्दामा भएको फैसला प्रस्तुत मुद्दामा लाग्न सक्दैन । त्यसमा पनि विपक्षी टिपाल्जोर लामाको दाता पासाङ छिरिङ लामाले छेचु लामासँग र.नं. ४६८० मिति २०४२।८।७ मा खरिद गरी लिएकोमा उक्त कि.नं. ६६०समेतको जग्गको लिखतलाई नै काठमाडौं जिल्ला अदालतको मिति २०५२।८।७ को फैसलाले जालसाजी घोषित गरी विपक्षी पाल्साङ छिरिङ लामा र छेचु लामालाई किर्ते कागजको १० नं. बमोजिम दण्ड, जरिवानासमेत भएकोमा सोउपर विपक्षी पाल्साङ छिरिङ लामाले पुनरावेदन अदालत, पाटन ललितपुरमा पुनरावेदन गर्दा सो अदालतबाट समेत काठमाडौं जिल्ला अदालतको मिति २०५२।८।७ को फैसलालाई नै सदर गरिएको

छ । यस सम्बन्धमा जालसाजी ठहरिएको लिखत समुचा वा आंशिकरूपमा पनि सदर कायम राख्न नमिल्ने भनी यस अदालतबाट नजिर प्रतिपादित सिद्धान्त भएको छ । तसर्थ पुनरावेदन अदालत, पाटनले गरेको फैसलालाई उल्टी गरी काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०६२।३।६ को फैसलालाई सदर कायम गरिपाउँ भन्नेसमेत व्यहोराको

प्रतिवादी राजेन्द्रप्रसाद पण्डितको यस अदालतमा परेको पुनरावेदन पत्र।

यसमा कि.नं. ६६० को ज.रो. १-१०-२ जग्गाको लिखत र प्रतिवादीको दर्तासमेत बदर हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०५२।८।७ को फैसला अन्तिम भई बसेको

देखियो। यस्तो अवस्थामा कि.नं. ६६० को आधा जग्गाको निर्णय दर्ता बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६५।३।१३ को फैसला फरक पर्न सक्ने देखिँदा छलफलको लागि अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतबाट भएको मिति २०७०।१०।२८ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकको तर्फबाट उपस्थित रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री गुणनिधि न्यौपाने, विद्वान् अधिवक्ताहरू श्री खगेन्द्र प्रसाद अधिकारी, श्री विश्वप्रकाश सिग्देल र श्री मुरारी सापकोटाले वादी टिपाल्जोर लामाले पाल्साङ छिरिङ लामाबाट कि.नं. ६६० को १-१०-२-० जग्गा बकसपत्र गरी लिनु भएकोमा सोउपर यस मुद्दाका प्रतिवादी राजेन्द्र पण्डितले काठमाडौं जिल्ला अदालतमा लिखत दर्ता बदर दर्ता मुद्दा दायर गरेकोमा लिखत बदर हुने ठहरी मिति २०५२।८।७ मा भएको फैसला अन्तिम भई बसेको अवस्थामा सोलाई अन्देखा गरी पुनरावेदन अदालत, पाटनबाट भएको प्रस्तुत फैसला त्रुटिपूर्ण

छ। सो फैसलाउपर फैसला भएको मितिले ६ महिनाभित्र थाहा पाएको मितिले ३५ दिनभित्र सोही अदालतमा जानुपर्नेमा वादी पक्ष ७/८ वर्ष पछि प्रस्तुत मुद्दा दिएकोले हदम्यादको आधारमा वादी दाबी खारेज हुने गरी भएको काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरेको पुनरावेदन अदालत, पाटनको फैसला उल्टी गरी जिल्ला अदालतको फैसला सदर हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी वादी टिपाल्जोर लामाका तर्फबाट उपस्थित रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री नारायण बल्लभ पन्त र अधिवक्ता श्री जगदीशचन्द्र पाण्डेले मिठुदेवीले मिति २०३४।६।२ मा छेचु लामालाई गरिदिएको लिखतमध्येबाट निजको हक जति ४-७-१-२ जग्गा मात्र निजले पाउने र सोबमोजिमको जग्गा मिति २०५१।१२।१७ मा नै निजले दा.खा. गरी लिइसकेको अवस्थामा पुनः मिति २०५२।११।१० मा कि.नं. ६६० बाट १-१०-२-० जग्गासमेत पूरै निजले पाउने गरी भएको दा.खा. निर्णयबाट निजले पाउनेभन्दा बढी जग्गा लिएको अवस्था विद्यमान रहेको छ। काठमाडौं जिल्ला अदालतमा वादी राजेन्द्र पण्डित प्रतिवादी छेन्चु लामा र पाल्साङ छिरिङसमेत भएको १ थान मुद्दा र वादी राजेन्द्र पण्डित प्रतिवादी पाल्साङ छिरिङ र टिपाल्जोर लामासमेत भएको दुई थान मुद्दा दायर गरेकोमा पहिलो मुद्दामा वादी दाबीको जग्गामध्ये आधा बदर हुने ठहरी र टिपाल्जोर लामा प्रतिवादी भएको मुद्दामा बदर हुने ठहरी फैसला भएकोले मूल मुद्दाबाट राजेन्द्र पण्डितको दाबीबमोजिम आधा जग्गाको लिखत बदर हुने ठहरी फैसला भएको आधारबाट काठमाडौं जिल्ला अदालतको मिति २०५२।८।७ को फैसलाबाट आधा जग्गाको लिखत बदर भएको मान्नु पर्ने भएकोले पुनरावेदन अदालत, पाटनबाट भएको फैसला कानूनसम्मत हुँदा सदर हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तबमोजिमको तथ्य एवं बहस जिकिर रहेको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजहरूको अध्ययन गरी हेर्दा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेको छ, छैन ? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा

होइन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, मालपोत कार्यालय काठमाडौंले काठमाडौं महानगरपालिका वडा नं. २२ (ख) कि.नं. १६९ बाट कित्ताकाट भई वादीका नाउमा पाल्साङ छिरिङ लामाबाट मिति २०४४।२।१३ मा हालैको बकसपत्रबाट प्राप्त भएको कि.नं. ६६० को १-१०-२-० जग्गा प्रतिवादीको नाउँमा पूरै दा.खा. दर्ता गर्ने गरेको निर्णय आधा जग्गाका हकमा निर्णय र दर्ता बदर गरिपाउँ भन्ने वादी दाबी भएकोमा मुलुकी ऐन अदालती बन्दोबस्तको ८५ नं. र २०८ नं. को कानूनी प्रश्न उठाई अदालतको फैसलाबमोजिम भएको निर्णय बदरमा लिएको फिराद दाबी खारेज हुनुपर्ने भनी प्रतिवादी राजेन्द्र पण्डितको प्रतिउत्तर जिकिर तथा कि.नं. ६६० को आफ्नो जग्गाको दर्ता बदर भएमा मेरो सहमती छ। सो कि.नं. ६६० को १-१०-२-० जग्गा प्रतिवादी राजेन्द्र पण्डितको हुनसक्दैन भनी प्रतिवादी पाल्साङ छिरिङ लामाको प्रतिउत्तर जिकिर रहेको छ। काठमाडौं जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएकोमा सोउपर चित्त नबुझी वादीको पुनरावेदन परेकोमा पुनरावेदन अदालत, पाटनबाट काठमाडौं जिल्ला अदालतको फैसला उल्टी भई वादी दाबीबमोजिम कि.नं. ६६० को जग्गाको आधा जग्गा वादीका नाममा दर्ता कायम हुने ठहर्‍याई भएको फैसलाउपर प्रतिवादी राजेन्द्र प्रसाद पण्डितको यस अदालतमा पुनरावेदन परेको देखियो।

३. प्रतिवादी राजेन्द्र प्रसाद पण्डितको आमा मिठु देवीको नाउ दर्ताको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २२ (ख) को कि.नं. १६९ को ५-३-२ जग्गा मिति २०३४।६।२ मा छेचु लामाले राजीनामा पारित गराई लिएपश्चात् सोमध्ये १-१०-२ जग्गा मिति २०४२।९।७ मा छेचु लामाले पाल्साङ छिरिङ लामाको नाममा राजीनामा लिखत गरी दिंदा कित्ता काट भई कि.नं. ६६० कायम भएको देखिन्छ। प्रस्तुत मुद्दाको विवादको उक्त कि.नं. ६६० को जग्गा वादी टिपाल्जोर लामाले मिति २०४४।२।१३ मा पाल्साङ छिरिङ लामाबाट बकसपत्र गरी प्राप्त गरेको देखिन आयो। यसबाट विवादको कि.नं. ६६० को जग्गा साबिक कि.नं. १६९ भित्रको रहेकोमा विवाद भएन। कि.नं. १४३ र १६९ को जग्गा राजेन्द्रप्रसाद पण्डितकी आमा मिठु देवीले मिति २०३४।६।२ मा छेचु लामालाई राजीनामा पारित गरी दिएपश्चात् राजेन्द्रप्रसाद पण्डितको हकमा ईश्वरी देवी पण्डित वादी र छेचु लामासमेत प्रतिवादी भई लिखत बदर मुद्दा चलिरहेकै अवस्थामा छेचु लामाले उक्त कि.नं. १६९ को जग्गामध्ये १-१०-२ जग्गा पाल्साङ छिरिङ लामाको नाममा र पाल्साङ छिरिङ लामाले सोकायम कि.नं. ६६० को जग्गा मिति २०४४।२।१३ मा टिपाल्जोर लामाको नाममा हक हस्तान्तरण गरी सकेका थिए। उक्त मुद्दा तह तह हुँदै सर्वोच्च आदालतसम्म आई पुग्दा सर्वोच्च अदालत पूर्ण इजलासबाट मिति २०५०।१।३ मा फैसला हुँदा उक्त कि.नं. १४३ र १६९ को जग्गाको आधा लिखत बदर भई पुनरावेदक राजेन्द्र पण्डितको हक हुने गरी फैसला भएको देखिन्छ। सर्वोच्च अदालतको उक्त फैसलाअनुसार कि. नं. ६६० को जग्गा राजेन्द्रप्रसाद पण्डितको नाउँमा दाखिल खारेज गर्न मालपोत कार्यालय, काठमाडौंले मिति २०५१।६।४

मा निर्णय गरेकोमा सो निर्णयउपर पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परेकोमा मिति २०५१।११।२ मा उक्त निर्णय सदर भएको छ।सो निर्णय बदर गर्न टिपाल्जोर लामाले सर्वोच्च अदालतमा २०५१ सालमा २६१३ नं.को रिट निवेदन दिएकोमा मिति २०५२।३।२१ मा उक्त रिट निवेदन खारेज भएको प्रमाणको रूपमा पेस भएको उक्त रिट निवेदनको मिसिलबाट देखिन्छ।

४. सर्वोच्च अदालतको पूर्ण इजलासबाट मिति २०५०।१।३ मा भएको फैसलाले साबिक कि.नं. १४३ र १६९ को जग्गाको आधा लिखत बदर भई पुनरावेदक राजेन्द्र पण्डितको नाउमा दर्ता हुने ठहर भएको छ। सो साबिक कित्ता नम्बरका जग्गाहरूको लिखतदर्ता बदरसमेतको मुद्दा अदालतमा विचाराधीन रहेको अवस्थामा अन्य व्यक्तिहरूलाई तह तह बिक्री हक हस्तान्तरण गरिदिएको देखिन्छ। फलस्वरूप साबिक कि.नं. १६९ को जग्गाको कित्ता नम्बरहरू, क्षेत्रफल, निकाश बाटोसमेतमा जग्गाको आकृति प्रकृति मूल्याङ्कन फरक फरक हुनसक्ने स्थिति देखापरेको छ। सो कि.नं. १६९ बाट कित्ताकाट भई कायम भएको कि.नं. ६६० को जग्गा सर्वोच्च अदालतको पूर्ण इजलासको फैसलापश्चात् यी पुनरावेदक वादीको नाउमा दा.खा. गर्ने गरी मालपोत कार्यालयबाट मिति २०५१।६।४ मा निर्णय भइसकेको पनि देखियो। सो निर्णय बदर गर्न स्वयम् विपक्षी टिपाल्जोर लामाले यस अदालतमा रिट निवेदन दिएको र सो निवेदन खारेज हुने ठहरी ०५२ सालमा नै आदेश भइसकेको छ।

५. वस्तुतः कि.नं. ६६० को जग्गा पुनरावेदक राजेन्द्र पण्डितको नाउँमा दा.खा. हुने ठहरी २०५१ सालमा भइसकेको कार्यको बारेमा विपक्षी टिपाल्जोर लामालाई उसै बखत थाहा जानकारी भइसकेको देखिन्छ। वादीको नाउमा दर्ता हुने हक हुने सम्पत्तिलाई मुद्दा अदालतमा विचाराधीन रहेको अवस्थामा तह तह बिक्री गर्दै कित्ताकाट गर्दै गएको कार्यको परिणामले २०५१ सालमा वादीको नाउँमा दर्ता हुने निर्णय भइसकेको स्थितिमा पनि अन्य लिखत बदरसमेतका मुद्दाको सिर्जना हुन गएको देखिन्छ।

६. पुनरावेदक वादीले विपक्षी प्रतिवादी टिपाल्जोर लामासमेत उपर दे.नं. २००२ नं. को लिखत बदर मुद्दा दिएकोमा मिति २०४४।२।१३ को पारित हालको बकसपत्रको लिखत वादी दाबीबमोजिम बदर भई वादीको नाउँमा दर्तासमेत हुने ठहरी काठमाडौं जिल्ला अदालतबाट मिति २०५२।८।७ मा फैसला भएको रहेछ। वादीको नाउँमा २०५१ सालमा कि.नं. ६६० को जग्गा दर्ता हुने गरी मालपोत कार्यालयको निर्णय बदर गरिपाउँ भनी यीनै विपक्षी टिपाल्जोरले दिएको रिट निवेदन खारेज हुने ठहरी रहेको र प्रस्तुत लिखत बदर मुद्दा विपक्षी प्रतिवादीले प्रतिउत्तर नै नफिराई बसेको स्थितिमा दाबीबमोजिम लिखत बदर र दर्ता हुने ठहरी मिति २०५२।८।७ मा काठमाडौं जिल्ला अदालतबाट दे.नं. २००२ नं. लिखत बदर मुद्दामा भएको फैसला अन्तिम भई बसेको देखिन्छ। सो अन्तिम भएको फैसलाको कार्यान्वयनको लागि मिति २०५२।१०।२५ मा मालपोत कार्यालय, काठमाडौंलाई जनाउ दिएको पाइन्छ। सो अन्तिम भई बसेको फैसलाअनुसार कि.नं. ६६० जग्गा वादी राजेन्द्र पण्डितको नाउँमा मिति २०५२।११।१० मा दर्ता गर्ने मालपोत कार्यालयबाट निर्णय भएको रहेछ।

७. उक्त मिति २०५२।८।७ को फैसला कतैबाट बदर हुनसकेको देखिन नआई अन्तिम भई बसेको छ। अन्तिम भइरहेको फैसलाअनुसार कार्यान्वयन गर्ने कार्य मालपोत कार्यालयले २०५२ सालमा नै गरिसकेको छ। सोकार्यान्वयन गरेको मिलेन बदर गरिपाउँ भनी विपक्षी टिपाल्जोर लामाले प्रस्तुत फिराद २०५८।२।३ मा दर्ता गर्न ल्याएका छन्। २०५२।८।७ को उक्त फैसलाउपर विपक्षी वादी टिपाल्जोरले चुनौती दिई बदर गर्न सकेको

छैन। फैसला अन्तिम भइरहने सोउपर चुनौती छैन तर सो फैसलाअनुसार भएको कार्यान्वयन मिलेन बदर गरिपाउँ भनी प्रस्तुत फिराद करिब ५ वर्षपछि पर्न आएको देखिँदा फैसला यथावत् रहेको स्थितिमा सो फैसलाअनुसार भएको कार्यान्वयनको कार्य मात्र बदर हुन सक्ने हुँदैन।

८. अदालतको फैसलाले हक बहेक छुट्याई जग्गाको दर्ता स्वामित्व कसको हुने हो भनी निर्धारण गर्दछ। त्यस्तो निर्धारण भएअनुसार नै सो फैसला कार्यान्वयन हुने हो। फैसला उपर चुनौती छैन। सो फैसलाअनुसार भएको कार्यान्वयन मात्र मिलेन बदर गरिपाउँ भनी परेको फिरादअनुसार गरिदिने हो भने फैसलामा उल्लिखित ठहरभन्दा पृथक कार्य गर्नुपर्ने अवस्था आई पर्दछ। अर्थात् फैसलाअनुसार भएको कार्यान्वयनको कार्यले फैसलालाई विस्थापित गर्न परिवर्तन गर्न सक्तैन, मिल्दैन। फैसलाअनुसार भएको कार्यान्वयनले फैसलाको मूल ठहर खण्डलाई संशोधन गर्न पनि सक्तैन। फैसलाको ठहर खण्ड यथावत् रहिरहने तर सो फैसलाबमोजिम कार्यान्वयन भएको कार्य बदर हुने हो भने त्यस्तो कार्यान्वयनले फैसलालाई नै परिवर्तन गर्न पुग्दछ जुन हाम्रो न्यायिक पद्दति प्रणालीविपरीत हुने हुन्छ। अतः अन्तिम भइरहेको फैसला कहीँकतैबाट बदर हुन नसकेको स्थितिमा सो फैसला अनुसार भएको कार्यान्वयनको पाटोलाई मात्र बदर गर्न सैद्धान्तिकरूपबाट नै मिल्ने देखिएन।

९. तसर्थ माथि उल्लिखित आधार कारण एवं प्रमाणबाट मिति २०५२।८।७ मा काठमाडौं जिल्ला अदालतबाट भएको फैसला बदरतर्फ वादी दाबी नभएको स्थितिमा फैसलाअनुसार भएको कार्यान्वयन बदर हुन नसक्ने भएकोले वादी दाबी नपुग्ने ठहर गर्नु पर्नेमा कि.नं. ६६० को आधा जग्गाको निर्णय बदर गर्ने गरी मालपोत कार्यालय, काठमाडौंको मिति २०५२।११।१० को निर्णय बदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६५।३।१५ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी नपुग्ने ठहर्‍याएको काठमाडौं जिल्ला अदालतको मिति २०६२।३।६ को फैसला सदर हुने ठहर्छ। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।

न्या. पुरूषोत्तम भण्डारी

इजलास अधिकृत: रामु शर्मा

इति संवत् २०७३ फाल्गुन २३ गते रोज २ शुभम् ।

# भर्खरै प्रकाशित नजिरहरू

- ***१०५२७ - बन्दीप्रत्यक्षीकरण (http://nkp.gov.np/full_detail/9593)***

  *फैसला मिति : २०७७/०४/२९ | मुद्दा नं : ०७७-WH-००११*

- ***१०५२६ - उत्प्रेषण / परमादेश (http://nkp.gov.np/full_detail/9592)***

  *फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७६-WO-०९६२*

- ***१०५२५ - कर्तव्य ज्यान (http://nkp.gov.np/full_detail/9591)***

  *फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७५-CR-०८४७*

- ***१०५२४ - परमादेश (http://nkp.gov.np/full_detail/9590)***

  *फैसला मिति : २०७७/०३/२५ | मुद्दा नं : ०७६-WO-१०२६*

- ***१०५२३ - राज्य विरूद्धको अपराध (http://nkp.gov.np/full_detail/9589)***

  *फैसला मिति : २०७७/०३/०२ | मुद्दा नं : ०७५-CR-१०९३*

# धेरै हेरिएका नजिरहरु

- ***निर्णय नं: # ९३४६ - मानव बेचबिखन, बालविवाह, जबर्जस्ती करणी (http://nkp.gov.np/full_detail/8389)***

  *फैसला मिति : २०७१/१०/१९ | मुद्दा नं : ०६७-CR-१२८८*

- ***निर्णय नं: # ९३१७ - हालैदेखिको बकसपत्र लिखत बदर (http://nkp.gov.np/full_detail/8316)***

  *फैसला मिति : २०७१/०७/१९ | मुद्दा नं : ०६७-CI-०९०३*

- ***निर्णय नं: # ९२७३ - मानाचामल (http://nkp.gov.np/full_detail/8079)***

  *फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : ०६८-CI-०२१६*

- ***निर्णय नं: # ९२७४ - लागु औषध (नरफिन) (http://nkp.gov.np/full_detail/8080)***

  *फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : २०६७-CR-०९९२*

- ***निर्णय नं: # ९३१९ - उत्प्रेषण (http://nkp.gov.np/full_detail/8363)***

  *फैसला मिति : 2070/10/20 | मुद्दा नं : ०६९–WS–००३५*